# प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज मिति २०७६ मंसिर १९ गते उहाँकै कार्यकक्षमा संयुक्त राज्य अमेरिकाका Indo-Pacific Security Affairs हेर्नुहुने Assistant Secretary of Defence H.E. Randall G. Schriver ले शिष्टाचार भेट गर्नुभयो ।

भेटका अवसरमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूले संयुक्त राज्य अमेरिका र नेपालबीच लामो समयदेखि असल र मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको कुरा उल्लेख गर्नुहुँदै नेपालको आर्थिक र सामाजिक विकासमा अमेरिकी सरकारले निरन्तर पुऱ्याउँदै आएको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । उहाँले दुई देशबीचको सम्बन्ध पारस्परिक सम्मान र सहयोगमा आधारित रहेको चर्चा गर्नुहुँदै यो सम्बन्ध दुई देशका सरकार एवम् जनस्तरमा समेत विस्तारित भएको कुरा व्यक्त गर्नुभयो । उहाँले दुई देशबीचको सम्बन्धलाई थप घनिष्ट र फलदायी बनाउन निरन्तर उच्चस्तरमा राजनीतिक संवाद भइरहनु आवश्यक भएको कुरा औँल्याउनु भयो । भेटवार्ताका क्रममा माननीय उपप्रधानमन्त्रीज्यूले नेपाल आफ्नो विशिष्टतामा आधारित हुँदै आफ्ना सबै छिमेकी र मित्र देशहरूसँगको सम्बन्धलाई अगाडि बढाउन चाहन्छ भन्नुभयो । उहाँले मित्र राष्ट्रहरूले नेपाललाई आफ्नै आँखाले हेर्ने गरेकोमा नेपाल खुशी व्यक्त गर्दछ भन्नुभयो । उहाँले नेपाललाई विभिन्न क्षेत्रमा सहायता उपलब्ध गराउन लागेकोमा अमेरिकी सरकारप्रति आभार व्यक्त गर्दै नेपाली सेनाको क्षमता विस्तार एवम् मानवीय सहायता तथा विपद् व्यवस्थापन लगायतका विषयमा प्रशिक्षण एवम् सहायता उपलब्ध गराई नेपाली सेनाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । माननीय उपप्रधानमन्त्रीले शान्ति सेनामा खटिने नेपाली सेनालाई पुऱ्याएको सहयोग र पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रलाई सुदृढ तुल्याउन उपलब्ध गराएको सहयोगका लागि अमेरिकी सरकारलाई धन्यवाद व्यक्त गर्नुहुँदै यस्तो सहयोग आगामी दिनमा पनि निरन्तर जारी रहने विश्वास व्यक्त गर्नुभयो ।

भेटवार्ताका क्रममा Assistant Secretary of Defence H.E. Randall G. Schriver ले नेपाल र संयुक्त राज्य अमेरिकाबीच सदैव मैत्रीपूर्ण र सहयोगात्मक सम्बन्ध रहँदै आएको चर्चा गर्नुहुँदै संयुक्त राज्य अमेरिकाले साना ठूला सबै राष्ट्रको सार्वभौमसत्तालाई उच्च सम्मान गर्दै आइरहेको विचार व्यक्त गर्नुभयो । उहाँले संयुक्त राज्य अमेरिकाले नेपाललाई समृद्ध, सुखी र शान्तिपूर्ण मुलुकको रूपमा विकास भएको हेर्न चाहन्छ भन्नुभयो । उहाँले नेपाल सरकार र नेपाली सेनाले संयुक्त राष्ट्रसंघको विश्व शान्ति स्थापना अभियानमा पुऱ्याउँदै आएको योगदानलाई प्रशंसा गर्दै अमेरिकी सरकारले यसको

उच्च मूल्यांकन गरेको विचार व्यक्त गर्नुभयो । उहाँले दुई देशको सरकार र सेनाबीच अत्यन्त हार्दिक र सहयोगात्मक सम्बन्ध रहेको चर्चा गर्दै नेपाली सेनाको क्षमता विकासमा सहयोग गर्न संयुक्त राज्य अमेरिका सदैव सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो ।

भेटका अवसरमा संयुक्त राज्य अमेरिकाका लागि नेपालका राजदूत महामहिम डा. अर्जुन कार्की, नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत महामहिम Randy W. Berry सहित अमेरिकी राजदूतावासका सुरक्षा अधिकारीहरू तथा रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका उच्च प्रतिनिधिहरूको उपस्थिति थियो ।

आजै दिउँसो Assistant Secretary of Defence H.E. Randall G. Schriver ले रक्षा मन्त्रालयका सचिव श्री रेश्मिराज पाण्डेसँग समेत शिष्टाचार भेटघाट गर्नुभयो । भेटका अवसरमा द्विपक्षीय हित र दुई देशका सेनाबीचको सहयोगात्मक सम्बन्धलाई आगामी दिनमा थप प्रगाढ बनाउँदै जाने विषयमा छलफल भएको थियो ।

(मनोजकुमार आचार्य)
उपसचिव एवं सहायक प्रवक्ता

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं
१९ मंसिर, २०७६